# दशौं गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८३ साल वैशाख १४ गते दिनको १०:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को दशौंगाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिती :**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | रेवती |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत | |
| २ | श्री भानुभक्त भण्डारी | सू. प्र. अ. | |
| ३ | | | |
| | दोलराम ओली | का. स. | |

दिनेश पौडेल

आ.व. २०८२/०८३ को दशौं गाउँकार्यपालिका बैठकका प्रस्तावहरु :

१. कार्यपालिकाको बैठकको समीक्षा सम्वन्धमा।

२. कर्णाली प्रदेश सरकार समक्ष पेश गर्ने आ.व. २०८३/०८४ को लागि सशर्त अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको प्रस्ताव स्वीकृत सम्वन्धमा।

३. संङ्घीय निजामती सेवाका गठन, सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८३ माथि गाउँपालिकाको तर्फवाट सूझाव पेश गर्ने सम्वन्धमा।

४. ह्युम पाइप खरिद सम्वन्धमा।

५. कपुरकोट गाउँपालिकाको वालमैत्री स्थानीय शासन आचारसंहिता र वालमैत्री स्थानीय शासन सम्वन्धी सूचकहरुको स्थानीयकरण सम्वन्धमा।

६. विविध सम्वन्धमा।

दिलिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## २०८३ वैशाख १४ गते बसेको आ.व. २०८२/०८३ को दशौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्वन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा। | विगतका कार्यपालिकाको बैठकवाट निर्णय भए गरेका निर्णयहरुको कार्यान्वयन र सोको प्रभावको वारेमा समेत समीक्षा गर्नु पर्ने। | चालु आ.व.को दोस्रो चौमासिक अवधि सम्मको कार्यप्रगती प्रमुख प्रशासकीय अधिकृतवाट प्रस्तुत भई छलफल भयो। कार्यसम्पन्न भई फरफारकको चरणमा रहेका योजनाहरुको अनुगमन गरी समयमै फरफारक गर्न निर्देशन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| २. | कर्णाली प्रदेश सरकार समक्ष पेश गर्ने आ.व. २०८३/०८४ को लागि सशर्त अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको प्रस्ताव स्वीकृत सम्वन्धमा। | आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेशको सूचना अनुसार आ.व.२०८३/०८४ का लागि ससर्त अनुदान अन्तर्गका योजनाहरुको प्रस्ताव स्वीकृत गरी पेश गर्नु पर्ने | आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेशको सूचना अनुसार आ.व.२०८३/०८४ का लागि ससर्त अनुदान अन्तर्गका योजनाहरुको प्रस्ताव स्वीकृत गरी पेश गर्नु पर्ने भएकोमा विभिन्न विषयगत शाखावाट पेश भएका अनुसूची-१मा उल्लेखित कार्यक्रमहरुको प्रस्ताव स्वीकृत गरी सम्वन्धित निकायमा पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | संङ्घीय निजामती सेवाका गठन, सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८३ माथि गाउँपालिकाको तर्फवाट सूझाव पेश गर्ने सम्वन्धमा। | संङ्घीय निजामती सेवाका गठन, सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८३ माथि गाउँपालिकाको तर्फवाट सूझाव पेश गर्ने सम्वन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्रकाशित सूचना अनुसार आवश्यक सुझाव सल्लाह पेश गर्नु पर्ने भएको। | संङ्घीय निजामती सेवाका गठन, सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकको मस्यौदा विधायन ऐन, २०८३ माथि गाउँपालिकाको तर्फवाट सूझाव पेश गर्ने सम्वन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्रकाशित सूचना यस गाउँपालिकाको तर्फवाट अनुसूची-२ अनुसारको सुझाव प्रमाणित गरी पेश गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ४. | ह्युम पाइप खरिद सम्वन्धमा। | कपुरकोट खाली निगालपानी सडकखण्ड अन्तर्गत कपुरकोट गाउँपालिका, वडा नं. ३ स्थित घुम्तिवजार टोलमा सडक मर्मतको लागि वडा कार्यालयवाट ह्युम पाइप जडानको लागि वडा समितिवाट निर्णय भई अनुरोध पत्र प्राप्त भएको। | कपुरकोट खाली निगालपानी सडकखण्ड अन्तर्गत कपुरकोट गाउँपालिका, वडा नं. ३ स्थित घुम्तिवजार टोलमा सडक मर्मतको लागि वडा कार्यालयवाट ह्युम पाइप जडानको लागि वडा समितिवाट निर्णय भई अनुरोध पत्र प्राप्त भएकोमा हाल रोल्पा सीमेन्ट प्रा.लि.ले उक्त सडक खण्डमा सिमेन्ट कम्प्याक्टिड विधिवाट सडक स्तरोन्नती गरिरहेको अवस्थामा स्थानीयको माग बमोजिम उक्त स्थानमा ह्यूम पाइप खरिद गरी उपलब्ध गराउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | कपुरकोट गाउँपालिकाको वालमैत्री स्थानीय शासन आचारसंहिता र वालमैत्री स्थानीय शासन सम्वन्धी सूचकहरुको स्थानीयकरण सम्वन्धमा। | कपुरकोट गाउँपालिकालाई वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियान अन्तर्गत गाउँपालिकाको CFLG समिति र अन्य सरोकारवालाहरुको वैठकवाट निर्णय तथा सिफारिस भई आएको वालमैत्री स्थानीय शासन आचारसंहिता र वालमैत्री स्थानीय शासन सुचकहरुको स्थानीयकरण सम्वन्धी दस्तावेजलाई स्वीकृत गर्नु पर्ने। | कपुरकोट गाउँपालिकालाई वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियान अन्तर्गत गाउँपालिकाको CFLG समिति र अन्य सरोकारवालाहरुको वैठकवाट निर्णय तथा सिफारिस भई आएको वालमैत्री स्थानीय शासन आचारसंहिता र वालमैत्री स्थानीय शासन सम्वन्धी सूचकहरुको स्थानीयकरण सम्वन्धी दस्तावेजलाई अध्ययन गर्दा स्वीकृत गर्न मनासिव देखिएकोले स्वीकृत गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |
| ६. | विविध सम्वन्धमा। | कपुरकोट गाउँपालिका वडा नं.५ मा गाउँपालिकाद्वारा निर्माण सम्पन्न भएको अस्थायी प्रहरी भवनलाई सञ्चालनको जिम्मेवारी सहित प्रहरी चौकीलाई हस्तान्तरण गर्ने। | कपुरकोट गाउँपालिका वडा नं.५ मा गाउँपालिकाद्वारा निर्माण सम्पन्न भएको अस्थायी प्रहरी भवनलाई सञ्चालनको जिम्मेवारी सहित जिल्ला प्रहरी कार्यालय र गाउँपालिकावीच समन्वयमा कार्यक्रम गरी जेठ महिना भित्र हस्तान्तरण गर्ने। | "पेश भए वमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## अनुसूची-१

(कपुरकोट गाउँकार्यपालिकाको आ.व. २०८२/०८३ को दशौं बैठकको मिति २०८३/०१/१४ गतेको निर्णय नं.२ संग सम्वन्धित)

| क.सं. | कार्यक्रमको नाम | लागत अनुमान | लाभान्वित घरधुरि | कैफियत |
|---|---|---|---|---|
| १ | रासायनिक विषादी न्यूनीकरण गरी जैविक विषादीलाई प्रवर्द्धन गर्ने। | २००००००/- | २००० घर धुरी | |
| २ | बाख्रा पकेट कार्यक्रम कपुरकोट वडा.नं. १ देखि ६ | २००००००/- | २५ घर धुरी | |
| ३ | मातृ तथा बालबालिका पोषण सुधार कार्यक्रम | २००००००/- | पालिका अन्तर्गत सबै गर्भवति सुत्केरी तथा बालबालिका। | |
| ४ | बालमैत्री स्थानीय शासन कार्यक्रम | ४००००००/- | ४२०० घर धुरी | |

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान

अनुसूची-२

(कपुरकोट गाउँकार्यपालिकाको आ.व. २०८२/०८३ को दशौं बैठकको मिति २०८३/०१/१४ गतेको निर्णय नं.३ संग सम्वन्धित)

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती सेवा विधेयकमा राय तथा सुझाव माग गरेको सम्वन्धमा संघीय शासन प्रणालीलाइ थप प्रभावकारी, समावेशी , जनमुखी बनाउन सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयको मस्यौदामा देहाए बमोजिमको राय तथा सुझावहरु पेश गर्ने:

१.सङ्क्षिप्त नामको सन्दर्भमा (दफा-१)

- भएको व्यवस्था: सङ्घीय निजामती ऐन, २०८३ रहेको ।
- हुनुपर्ने व्यवस्था: एकीकृत निजामती सेवा ऐन, २०८३ ।
- कारण: नेपालको संविधानले परिकल्पना गरको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्दान्तका आधारमा तीनै तहका कर्मचारीलाइ सम्वोधन गर्ने गरी ऐन ल्याउदा कर्मचारीमा अभिभावकत्व र उत्प्रेरणा वृद्दि हुन गई सेवाको गुणस्तर वढ्छ।

२.परिभाषा; दफा-२(घ)

- भएको व्यवस्था: निजामती कर्मचारी भन्नाले सङ्घीय निजामती सेवाको पदमा वहाल रहेको व्यक्ती ।
- हुनुपर्ने व्यवस्था: निजामती कर्मचारी भन्नाले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी हुने व्यवस्था ।
- कारण: एकै मुलुकभित्र रहेर पनि कर्मचारी विच विभेद हुँदा कर्मचारीको मनोवल कमजोर हुन गइ सेवा प्रवाहमा गम्भिर असर पर्ने ।

३.आवास सुविधा (दफा-५४)

- भएको व्यवस्था: नेपाल सरकारले निजामती कर्मचारीका लागि जग्गा खरिद र आवास निर्माणका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था रहेको।
- हुनुपर्ने व्यवस्था: नेपाल सरकारले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीका लागि जग्गा खरिद र आवास निर्माणका लागि सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था हुनुपर्छ।।
- कारण: यसरी सबै कर्मचारीलाइ आवास सुविधा उपलब्ध गराउदा कर्मचारीलाइ राज्यप्रति अपनत्व बोध हुने ।

३. स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत

दफा-१२० को उपदफा (२)

- भएको व्यवस्था: स्थानीय तहमा प्रशासन सेवाका कर्मचारी प्रमुख प्रशासकीय अधिकृत हुनुपर्ने ।
- हुनुपर्ने व्यवस्था: स्थानीय तहमा प्रशासन सेवा, सामान्य प्रशासन समूहको कर्मचारी प्रमुख प्रशासकीय अधिकृत हुनुपर्ने



दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- कारण: प्रशासन सेवा भित्र राजस्व, लेखा र प्रशासन समूहकका कर्मचारी पर्ने हुँदा स्पष्ट रुपमा उल्लेख गर्दा ऐन कार्यान्यिन्मा सहजता र स्पष्टता हुने।

दफा-१२० को उपदफा (१० )

- भएको व्यवस्था: उपदफा (३) र (४) वमोजिम स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासीय अधिकृतले कार्य गर्ने भन्ने व्यवस्था।
- हुनुपर्ने व्यवस्था: स्थानीय तहमा कार्यरत यस ऐनको १२० –(२) वमोजिमको प्रशासन सेवा,सामान्य प्रशासन समुहको वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासीय अधिकृतले कार्य गर्ने भन्ने व्यवस्था हुनुपर्दछ।
- कारण: हाल अधिकांश स्थानीय तहमा यस ऐनको ११९(४) वमोजिम कर्मचारी रहेको र प्रशासन सेवाका कर्मचारीसँग कार्यालय सञ्चालन गर्न आवश्यक ज्ञान, सीप र तालिम प्राप्त गरेको हुने र गैरप्रशासनीक वा प्राविधीक कर्मचारीको कार्यविवरण प्रशासन संचालन नभएको हुँदा प्रशासन सेवाको सामान्य प्रशासन समूहको कर्मचारीलाइ प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोक्नुपर्ने ।

४.स्थानीय सेवा: दफा-११९(४)

- भएको व्यवस्था: स्थानीय सेवामा महानगरपालिका र उपमहानगरपालिकामा बढीमा अधिकृत ११ औ तह, नगरपालिकामा वढीमा १० औ तह , गाँउपालिकामा वढीमा ९ औ तह सम्मका पदहरु रहनेछन।
- हुनुपर्ने व्यवस्था: स्थानीय सेवामा महानगरपालिका वढीमा अधिकृत ११ औ तह,उपमहानगरपालिकामा वढीमा अधिकृत १० औ तह, नगरपालिकामा वढीमा ९ औ तह , गाँउपालिकामा बढीमा ८ औ तह सम्मका पदहरु रहनुपर्छ।
- कारण: यस ऐनको दफा १२० (२) मा गाँउपालिकाको प्रमुख प्रशासकीय सातौं वा आठौं हुने हैंदा सो भन्दा वढी तहको कर्मचारी रहदा पदीय मर्यादा कायम नहुने सम्भावना रहन्छ।

५.प्रदेश र स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्ड:

दफा-१२२ को उपदफा (४)

- भएको व्यवस्था : अन्तर-प्रदेश र अन्तर स्थानीय तहको सरुवा गर्दा सम्बन्धित स्थानीय तह र मुख्यमन्त्री तथा मन्त्री परिषद्को सहमती खोजेको ।
- हुनुपर्ने व्यवस्था : अन्तर-प्रदेश र अन्तर- स्थानीय तहको सरुवा गर्दा बिना सरुवा सहमति मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयले दरबन्दी रिक्त रहेको कार्यालयमा सरुवा गर्ने व्यवस्था हुनुपर्दछ।
- कारण: सरुवा सहमती आवश्यक परेको खण्डमा कर्मचारीले राजनीति प्रति झुकाव राख्ने अवस्था सृजना हुन्छ र सार्वजनिक प्रशासनमा राजनीतिक तटस्थता कायम नहुने हुँदा नेपालको संविधानको धारा ५१ (४) वमोजिम र यस ऐनको आचारसंहिता पालना नहुन सक्छ।

दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत